कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

प.सं. : २०७७।७८

च.नं. :

बागमती प्रदेश, नेपाल

फोन ०१०-५४२०१६

मितिः २०७७/५/७

**अत्यावश्यक बाहेकका नियमित सेवा बन्द गरिएको सम्बन्धी सूचना ।**

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण क्रमिक रुपमा समुदायस्तरमा फैलदैं गरेको र रसुवा जिल्लामा पनि कोरोना भाइरसका संक्रमितहरु देखिन थालेको समेत परिस्थितिलाई मध्यनजर गरी हालसालै गाउँपालिकावाट जनप्रतिनिधि, कर्मचारी तथा व्यापारीलगायत अग्रभागमा रही काम गर्ने करिव १०० जना व्यक्तिहरुको नमूना संकलन गरी परीक्षणका लागि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला हेटौडा पठाईएकोमा सो को परीक्षण नतिजा प्राप्त भई नसकेको व्यहोरा अनुरोध छ ।

यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाईएको नमूना परीक्षण गर्दा २०७७/५/७ का दिन जिवजिवे ग्रामीण अस्पतालमा कार्यरत वर्ष २६ को एकजना महिला कर्मचारीलाई कोरोना संक्रमण पुष्टि भएको र निजसँगको सम्पर्कमा रहेका व्यक्तिहरुको खोजी गरी निजहरुको नमूना संकलन गर्ने कार्य भई रहेको छ । यस परिस्थितिलाई मध्यनजर गरी जिल्लास्तरीय कोरोना संकट व्यवस्थापन समितिसँग समेत परामर्श गरी अर्को सूचना प्राप्त नभएसम्मका लागि गाउँपालिका तथा अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा र जनस्वास्थ्यका सम्वन्धमा तपशिल बमोजिम गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल</u>

१. गाउँपालिकावाट अत्यावश्यक (नेपाल सरकारबाट अत्यावश्यक भनि तोकेका कार्य) बाहेकका सम्पूर्ण सेवाहरु प्रवाह नगर्ने ।

२. वडा कार्यालयहरुबाट हुने अत्यावश्यक बाहेक सम्पूर्ण नियमित कार्यहरु (जस्तैःनागरिकता सिफारिस, जग्गासम्वन्धी सिफारिस लगायतका सिफारिसहरु) हाललाई प्रवाह नगर्ने ।

३. जिवजिवे ग्रामीण अस्पतालमा आकस्मिक बाहेकका सेवाहरु प्रवाह नगर्ने ।

४. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग लगायत स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउने ।

५. एम्बुलेन्स सेवा प्रदान गर्दा एम्बुलेन्स चालक तथा विमारी र यात्रुले अनिवार्यरुपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने ।

६. बजार, बैंकलगायत सार्वजनिक स्थानमा अनिवार्यरुपमा भौतिक दुरी कायम गर्नुका साथै स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने ।

७. गाउँपालिकावाट अर्को सूचना नभएसम्मका लागि भिडभाड र भेलाजम्मा हुने कार्य नगर्ने ।

८. गाउँपालिका तथा अन्तर्गत निकायवाट अत्यावश्यक सेवा (स्वास्थ्य वाहेक) लिनुपर्दा समेत पहिले सम्पर्क व्यक्ति/कर्मचारीसँग टेलिफोन सम्पर्क गरेर मात्र कार्यालय भ्रमण गर्ने ।

९. जिवजिवे ग्रामीण अस्पतालमा पछिल्लो समयमा सेवा लिन/उपचार गर्न भ्रमण गर्नुभएका सेवाग्राही तथा परिवारहरुले अन्य व्यक्तिको सम्पर्कमा नगई सुरक्षितसाथ आफ्नो घरभित्र बसिदिनुहुन समेत अनुरोध गरिन्छ।

१०. यो सूचनाको पालना नगर्ने नगराउने उपर कानून बमोजिम कारवाही गर्न बाध्य हुने व्यहोरा समेत अनुरोध छ।

२०७७।५।७

प्रमुख प्रशासकीय अधिकृत